अख्तियार दुरुपयोग अनुसन्धान आयोग
२०४७
पुस्तकालय

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

प्रथम वार्षिक प्रतिवेदन

२०४७ – ४८

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

काठमाडौं, नेपाल

२०४८

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

प्रथम वार्षिक प्रतिवेदन

२०४७ – ४८



अख्तियार दुरुपयोग अनुसन्धान आयोग

काठमाडौं, नेपाल

२०४८

२१५८९२
२२२८४२
फो नं. – २२८९९०
२२३०७८
२२१४६३

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

बबरमहल

पत्रसंख्या र मितिः–

मितिः– २०४८।४।२३।५

विषयः–

श्री ५ महाराजाधिराज सरकारका हजूरमा
राजदरबार, काठमाडौं ।

सरकार,

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ (१) बमोजिम गठित यस अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०४७।४८ (२०४७ साल फाल्गुणदेखि आषाढ मसान्तसम्म) को वार्षिक प्रतिवेदन दुई प्रति संविधानको धारा ९८ (६) अनुसार चढाएका छौं ।

सरकार, जो हुकुम ।

सेवकहरू,

(राधारमण उपाध्याय)
आयुक्त

(जनार्दनलाल मल्लिक)
प्रमुख आयुक्त

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन

यस आयोगको गठन:

देशमा शासन व्यवस्थाको परिवर्तन भई बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको प्रादुर्भाव भएपछि श्री ५ महाराजाधिराज सरकार-बाट २०४७ साल कार्तिक २३ गतेदेखि नेपाल अधिराज्यको संविधान, २०४७ लागू गरिबक्सेको र उक्त संविधानको धारा ९७ को उपधारा (१) मा नेपाल अधिराज्यमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहने व्यवस्था भए अनुरूप संवैधानिक अङ्गको रूपमा यस आयोगको गठन भएको हो ।

प्रमुख आयुक्त तथा आयुक्तको नियुक्ति, पारिश्रमिक र अन्य सुविधा:

नयाँ संविधानको धारा ९७ को उपधारा (१) मा यस आयोगको लागि प्रमुख आयुक्त र आवश्यक संख्यामा अन्य आयुक्तहरू रहने व्यवस्था गरिएकोमा श्री ५ महाराजाधिराज सरकारबाट प्रमुख आयुक्त पदमा श्री जनार्दनलाल मल्लिक र आयुक्त पदमा श्री राधा-रमण उपाध्यायलाई २०४७ साल माघ २८ गते नियुक्त गरिबक्सेको र उहाँहरू पद तथा गोपनियताको विधिवत् शपथ ग्रहण गरी २०४७ साल फाल्गुण २ गते आयोगमा हाजिर हुनु भएको छ ।

प्रमुख आयुक्त, आयुक्तहरूको पारिश्रमिक र सेवाका अन्य शर्तहरूको सम्बन्धमा कानूनद्वारा निर्धारित नभएसम्मको लागि हाललाई तत्कालीन अख्तियार दुरुपयोग निवारण आयोगका प्रमुख आयुक्त र आयुक्तहरूले पाए सरहको पारिश्रमिक र सुविधा दिने श्री ५ को सरकार (मं. प.) बाट भएको निर्णय गृह मन्त्रालयको ०४७।११।१७ को पत्रसाथ प्राप्त हुन आई सो अनुसार गरिआएको छ ।

आयोगको काम, कर्तव्य र अधिकार:

उक्त संविधानमा कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य या भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा यस आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्ने काम, कर्तव्य र अधिकार तोकिएको छ भने अनुस-न्धान र तहकिकातबाट अनुचित कार्य गरी अख्तियार दुरुपयोग गरेको देखिएमा आयोगले निजलाई सचेत गराउन वा विभागीय वा अन्य कारवाईको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्ने, भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको देखिएमा कानून बमोजिम अधि-कार प्राप्त अदालतमा मुद्दा दायर गर्न गराउन सक्ने प्रावधानहरू राखिएको छ ।

कार्य संचालन :

(क) माथि उल्लेख भए अनुसार संविधानमा मूलभूत रूपमा यस आयोगको काम, कर्तव्य र अधिकार तोकिएको भए पनि कार्य संचालन गर्न अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा व्यवस्था हुनु पर्ने प्रावधान संविधानको धारा ९८ को उपधारा (४) मा गरिएको छ ।

(ख) संविधानमा निर्दिष्ट भए अनुसार यस आयोगको काम यथाशीघ्र सुचारू रूपले संचालन गर्न सकियोस् भन्ने अभिप्रायले तयार पारि-एको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४७ को मसौदा २०४७।१२।३ मा र अख्तियार दुरुपयोग अनुसन्धान आयो-गका आयुक्तहरूको पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधा सम्बन्धी ऐन, २०४७ को मसौदा २०४७।१२।१९ मा नेपाल कानून सुधार आयोगमा पठाइएको थियो ।

(ग) कानून सुधार आयोगले हेरी मिलाई पठाइदिएको उक्त दुबै ऐनहरू यथाशीघ्र पारित भई आउन २०४८।१।१६।५ मा गृह मन्त्रालयमा मसौदा प्रतिहरू पठाइएकोमा हालसम्म पारित भई सकेको छैन ।

आयोगका कार्मचारीहरू:

पहिलेको अख्तियार दुरुपयोग निवारण आयोगको दरबन्दीभित्रका कर्मचारीहरू उक्त आयोग कायम नरहेपछि पनि मन्त्रि-परिषद् सचिवालयको पत्रानुसार हाजिर गराई राखिएकोमा वर्तमान संविधान अनुसार नयाँ व्यवस्था गरिएको यस आयोगको दरबन्दीबारे भविष्यमा पुनरावलोकन गर्ने गरी हाललाई अ. दु. नि. आ. खारेज भएकै मितिदेखि उक्त निवारण आयोगकै मौजूदा कर्मचारीको दरबन्दी दर्ताको लागि कारवाई भइरहेको छ ।पछि कामको अनुपात समेतलाई दृष्टिगत गरी के' कति कर्मचारीको दरबन्दी आवश्यक पर्ने हो सोको निकासा सम्बन्धमा कारवाई गरिने छ ।

हाल यस आयोगमा रहेको कामको विवरण :

उक्त संविधानको धारा १३० को उपधारा (५) मा अख्तियार दुरुपयोग निवारण आयोगबाट फछ्यौंट हुन बाँकी निवेदन उजूरीहरू यस आयोगमा सर्ने व्यवस्था भए अनुरूप सरीआएको र यस आयोगमा ०४८ साल आषाढ मसान्तसम्म पर्न आएको समेत गरी निम्न अनुसार उजूरी निवेदनहरू रहेका छन्:–

विकास क्षेत्र	जिल्ला	अ. दु. नि. आयोगबाट सरी आएको			यस आयोगमा परेको			दुबै जम्मा
		अनुचित कार्य सम्बन्धी	भ्रष्टाचार सम्बन्धी	जम्मा	अनुचित कार्य सम्बन्धी	भ्रष्टाचार सम्बन्धी	जम्मा	
पूर्वाञ्चल	ताप्लेजुङ	–	१	१	–	–	–	१
	पाँचथर	–	३	३	–	१	१	४
	इलाम	१	१	२	१	–	१	३
	झापा	५	१	६	३	२	५	११
	भोजपुर	–	–	–	१	२	३	३
	धनकुटा	–	–	–	१	–	१	१
	तेह्रथुम	–	१	१	–	–	–	१
	संखुवासभा	–	–	–	–	२	२	२
	सुनसरी	१	६	७	४	३	७	१४
	मोरङ्ग	४	९	१३	५	११	१६	२९
	सोलुखुम्बु	१	–	१	–	–	–	१
	खोटाङ्ग	–	–	–	–	२	२	२
	उदयपुर	–	३	३	–	१	१	४
	ओखलढुङ्गा	–	–	–	–	–	–	–
	सप्तरी	४	२	६	५	५	१०	१६
	सिराहा	२	२	४	३	२	५	९
	जम्मा:–	१८	२९	४७	२३	३१	५४	१०१
मध्यमाञ्चल	दोलखा	–	२	२	–	–	–	२
	रामेछाप	–	–	–	१	–	१	१
	सिन्धुली	३	–	३	–	–	–	३
	धनुषा	५	८	१३	३	३	६	१९
	महोत्तरी	२	३	५	१	२	३	८
	सर्लाही	१	१	२	२	२	४	६

	मकवानपुर	१	६	७	५	४	९	१६
	चितवन	२	—	२	—	२	२	४
	बारा	—	२	२	१	४	५	७
	पर्सा	७	३	१०	९	६	१५	२५
	रौतहट	—	३	३	३	१	४	७
	रसुवा	१	६	७	—	१	१	८
	धादिंग	—	—	—	—	—	—	—
	नुवाकोट	—	३	३	—	—	—	३
	सिन्धुपाल्चोक	—	२	२	—	—	—	२
	काभ्रेपलाञ्चोक	—	१	१	२	३	५	६
	काठमाडौं	५०	८०	१३०	४२	४९	९१	२२१
	भक्तपुर	१	३	४	५	४	९	१३
	ललितपुर	१	३	४	१	१	२	६
	जम्मा:—	७४	१२६	२००	७५	८२	१५७	३५७
पश्चिमाञ्चल	कास्की	—	१	१	—	३	३	४
	स्याँग्जा	१	१	२	१	१	२	४
	लमजुङ्ग	१	१	२	—	—	—	२
	मनाङ्ग	—	—	—	—	१	१	१
	तनहुँ	१	१	२	—	—	—	२
	गोरखा	—	२	२	—	—	—	२
	बागलुङ्ग	—	१	१	१	—	१	२
	पर्वत	१	—	१	१	—	१	२
	म्याग्दी	—	—	—	—	—	—	—
	मुस्ताङ्ग	—	—	—	—	—	—	—
	रूपन्देही	१	२	३	—	४	४	७
	नवलपरासी	४	५	९	५	६	११	२०
	अर्घाखांची	१	—	१	—	—	—	१
	गुल्मी	—	—	—	—	—	—	—
	पाल्पा	—	१	१	—	—	—	१
	कपिलवस्तु	—	२	२	२	१	३	५
	जम्मा:—	१०	१७	२७	१०	१६	२६	५३
मध्य पश्चिमाञ्चल	रोल्पा	—	—	—	१	—	१	१
	रुकुम	—	—	—	—	—	—	—
	सल्यान	—	१	१	—	—	—	१
	प्यूठान	—	—	—	—	—	—	—
	दाङ्ग	—	१	१	—	—	—	१
	दैलेख	—	१	१	—	—	—	१
	सुर्खेत	—	२	२	—	—	—	२
	जाजरकोट	—	—	—	—	—	—	—
	बाँके	२	५	७	४	५	९	१६

छानबिन अधिकृतले छानबिनको प्रतिवेदन पेश गरेकोमा पुनः तहकिकात गरी पेश गर्नु भन्ने अ. दु. नि. आ. बाट आदेश गरी फिर्ता पठाइएकोमा पुनः तहकिकातको काम टुङ्गो नसकेको

सि.नं.। आदेश मिति	। विषय
१. २०४५।५।२२	दाङ्ग चमेलीता गेभियन जाली पर्खाल निर्माण सम्बन्धी कार्यमा स्थानीय विकास अधिकारी राधाप्रसाद श्रेष्ठ समेतले भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।
२. २०४५।११।८	सगरमाथा एकीकृत ग्रामीण विकास परियोजना अन्तर्गत कोअर्डिनेटर कार्यालय तथा विभिन्न कम्पोनेन्टको साथै जि. पं.स. उदयपुरबाट सञ्चालित कार्यक्रम समेतमा योजना प्रमुख समेतले धांधली गरे भन्ने सम्बन्धमा ।
३. २०४६।७।१०	कृषि आयोजना सेवा केन्द्रका तत्कालीन कार्यकारिणी निर्देशक डा. जगदीशराज बरालले उक्त केन्द्रको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।
४. २०४६।८।११	ट्यूववेल सिंचाइ कृषि तालीम तथा सेवा योजना नकटाङ्गिजमा अनियमित कार्य गरी योजना प्रमुख समेतले भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।
५. २०४६।९।४	जनक शिक्षा समाग्री केन्द्र लिमिटेडमा प्रेस मेशीन खरीद गर्दा उक्त केन्द्रका तत्कालीन अध्यक्ष तथा महाप्रबन्धक गुणराज उपाध्याय समेतले भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।
६. २०४६।९।१८	तेह्रथुम जिल्लाको पिगुवा खोला सिंचाइ योजनामा बोलपत्र आह्वान गर्दा एउटै व्यक्तिको हस्ताक्षरबाट बोलपत्र भरी योजना प्रमुख समेतले अख्तियारको दुरुपयोग गरे भन्ने सम्बन्धमा ।
७. २०४६।११।२५	रा.वा.बैङ्क काठमाडौं शाखाका तत्कालीन प्रबन्धक बुद्धिसागर समेतको मिलोमतोमा अनियमित काम गरी बैङ्कलाई हानि नोक्सानी पुऱ्याए भन्ने सम्बन्धमा ।
८. २०४७।१।५	खोटाङ्ग जिल्लाको घोरेटो बाटो बनाउँदा तत्कालीन जि.पं. सभापति पर्शुराम राई समेतले भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।
९. २०४७।१।५	कृषि विकास बैङ्कका महाप्रबन्धक श्रीकृष्ण आचार्य उपाध्याय समेतले टेण्डर नगरी काम नलाग्ने कम्प्यूटर खरीद गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।
१०. २०४७।१।७	इन्धन संस्थानको जर्ना दाउरा हिनामिना गरी तत्कालीन वन तथा भू-संरक्षण मन्त्री श्री हेमबहादुर मल्ल र इन्धन संस्थानको महाप्रबन्धक सेवन्तप्रसाद रेग्मी समेतले भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।
११. २०४७।२।९	बकाहा रेञ्जर कार्यालय अन्तर्गतको जङ्गलबाट हरियो रुख समेत काटी ढुवानी गरी वन विनाश गरी जिल्ला वन नियन्त्रक समेतले भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।
१२. २०४७।२।२२	राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागका प्रमुख समेतले कमिशन खाई सामान खरीद गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।
१३. २०४७।२।२४	भेरी अञ्चलाधीश नवराज गुरुङ्गले टेलिफोन वितरण गर्दा र मि.डि.ओ. सञ्चालन गर्न दिई भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।

१४. २०४७।२।२४ उच्चस्तरीय वन सुदृढिकरण आयोग मकवानपुरका तत्कालीन अध्यक्ष केशव कुमार बुढाथोकीले वितरण गर्न लिएको रुपैया मिलोमतो गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।

१५. २०४७।२।२५ काठमाडौं नगर पञ्चायतका कार्यवाहक प्रधान पञ्च शारदाप्रसाद भट्टराई समेतले नगर पञ्चायतबाट लाखौं रुपैयाँ निकाली प्रत्येक बडा अध्यक्षहरूलाई रु. ४,०००।– का दरले रकम बाँडी कोषको दुरुपयोग गरे भन्ने सम्बन्धमा ।

१६. २०४७।२।३० पोखरा नगर पञ्चायतका तत्कालीन प्रधान पञ्च उत्तम पुन समेतले पोखरास्थित रामबजार, स्याउली बजारको सडकमा कालो पत्र निर्माण गराउँदा भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।

१७. २०४७।३।५ नेपाल पुनर्वास कम्पनी प्रा.लि.का महाप्रबन्धक इन्द्रप्रसाद कापले समेतले जग्गा साटफेर गर्दा र जग्गा वितरण गर्दा भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।

१८. २०४७।३।१२ कृषि विकास बैङ्कका अध्यक्ष श्रीकृष्ण उपाध्यायले आफनो निजी स्वार्थ पूरा गर्न बैङ्कको टेलेक्सको दुरुपयोग गरेको र आफनो अधिकारभन्दा बाहिर गई २० सौं हजार चन्दा दिई बैङ्कको रकम दुरुपयोग गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।

१९. २०४७।३।१२ विराटनगर न.पं. का पदाधिकारीहरूले कर्डलेस टेलिफोनहरू प्रत्येक बडा अध्यक्षहरूलाई २।३ वटाका दरले वितरण गरी रकमको दुरुपयोग गरेको भन्ने सम्बन्धमा ।

२०. २०४७।३।१४ राष्ट्रिय वाणिज्य बैङ्क काठमाडौं शाखाबाट निवेदक शिवप्रसाद भट्टराईलाई धितोभन्दाबढी कर्जा प्रवाह गरेकोमा सावा र ब्याज नबुझाउँदा पनि रकम असूल उपर नगरेको समेतबाट बैङ्कलाई गैर कानूनी हानी नोक्सानी पुऱ्याई शाखा प्रबन्धक बुद्धिसागर समेतले अख्तियार दुरुपयोग गरे भन्ने सम्बन्धमा ।

२१. २०४७।४।२२ नवलपरासी जिल्ला वन सुदढिकरण उच्चस्तरीय आयोगका अध्यक्ष माननीय कृष्णप्रसाद उप्रेती समेतले जग्गा वितरण गर्दा हजारौं दोलखावासीहरूलाई मात्र जग्गा वितरण गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।

२२. २०४७।४।२८ कपिलवस्तु वन सुदृढिकरण उच्चस्तरीय आयोगले झुट्टा आधार तयार गरी पानी सञ्चय गर्ने सार्वजनिक जग्गा काल्पनिक मानिसका नाउमा दर्ता गर्ने प्रयास गरी उक्त आयोगका तत्कालीन अध्यक्ष धर्मबहादुर समेतले अख्तियार दुरुपयोग गरे भन्ने सम्बन्धमा ।

२३. २०४७।४।३१ कपिलवस्तु जिल्ला कृषि शाखाको लागि भवन, ए. डि. ओ. क्वार्टर, स्टाफ क्वार्टर समेत रु. ३३ लाखमा बनाउन लगाएकोमा राम्रो सुपरभिजन नगरी ठेकेदारसंग मिलेमतो गरी कृषि सूचना तथा अनुसन्धान आयोजनाका का.मु. आयोजना प्रमुख शिवसुन्दर श्रेष्ठ समेतले भ्रष्टाचार गरे भन्ने सम्बन्धमा।

२४. २०४७।५।१२ कर्मचारी सञ्चय कोष ठमेल स्थित नयाँ भवनमा लिफ्ट र स्कालेटर जडान गर्दा ठेक्का पाएको कम्पनी र सञ्चय कोषका सम्बन्धित कर्मचारीहरूको मिलोमतोबाट लाखौं भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।

२५. २०४७।६।१५ का.जि. जोरपाटी गा पं. वडा नं. ३ ग स्थित कि.नं. ३८ र कि.नं. ५६ को जग्गाहरू कमलादेवी ब्राह्मणी भन्ने व्यक्तिको नाममा सार्विक प्रमाण केही नबुझी भू.सु.का. काठमाडौंका तत्कालीन शाखा अधिकृत हाल प्र.जि.अ. जय नारायण मण्डलले जोताहा हो भन्ने पारी अनियमित निर्णय गरे गराएको भन्ने सम्बन्धमा ।

२६. २०४७।५।१८ पोखरा नगर योजना कार्यान्वयन समितिको सिनियर प्लानर पद्मबहादुर क्षेत्री समेतले पोखरा बाराही मन्दिर विस्तार, रत्नचोकदेखि घरेलु हुँदै पस्याङ्गसम्मको बाटो सुधार गर्ने समेतको कार्यमा ठेकेदारहरूसंग मिली कम गुणस्तरको काम गरी गराई भ्रष्टाचार गरे भन्ने समेत सम्बन्धमा ।

२७. २०४७।६।२३ कृषि सामाग्री संस्थान लाहान शाखाका शाखा प्रबन्धक जयन्द्र कुमार र संस्थानका महाप्रबन्धक समेतको मिलोमतोबाट लाहान देखि ओखलढुङ्गासम्म कृषि सामाग्री ढुवानी गराउँदा रु. ७३,०००।– संस्थानलाई हानि नोक्सानी पुऱ्याए भन्ने सम्बन्धमा ।

२८. २०४७।६।२३ साझा पसल सेवा लि.का महाप्रबन्धक श्री कृष्णबहादुर वर्माले बागबजार बिक्री शाखामा सामान खरीद गर्दा २० प्रतिशतदेखि ३० प्रतिशत कमिशन खाएको, मल ढुवानी गराउँदा टेण्डर नगरी कमिशन खाने गरेको,

०४३ सालमा घरमा लगेको ४३ बोरा सिमेण्ट बेहिसाब गरेको साथै विभिन्न अन्य काम कारबाही गर्दा रकम हिनामिना गरी संस्थालाई घाटा पारी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।

२९. २०४७।७।१२ गोबर ग्याँस तथा कृषि यन्त्र विकास प्रा.लि.का महाप्रबन्धक ज्ञानेन्द्रराज कोइरालाले १,००० थान रोप्नर पम्प खरीद गर्दा प्राप्त भएको भा. रु. ३० हजार कम्पनीमा आम्दानी नबाँधी अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।

३०. २०४७।७।१४ कैलाली जिल्ला वनक्षेत्र सुदृढिकरण उच्चस्तरीय आयोगका अध्यक्ष मा. पद्मबहादुर सापकोटा समेतले वास्तविक सुकुम्बासीलाई जग्गा वितरण नगरी आफ्नो कार्यकर्ता नातागोता समेतलाई जग्गा वितरण गरी पचास लाख भन्दा बढी रकम उठाई भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।

३१. २०४७।७।१४ रा.बा.बैङ्क. रानी शाखाबाट एभरेष्ट इण्डष्ट्रीज प्रा.लि., सगरमाथा काष्ठ उद्योग तथा अन्यलाई स्वीकृत रकम भन्दा बढी कर्जा प्रवाह गरेको, एउटै अचल सम्पत्ति विभिन्न शाखामा धितो रहेकोमा सो को निरीक्षण नै नगरी धितो लिई विभिन्न अनियमित तथा धाँधली गरी अख्तियारको दुरुपयोग गरेकोमा केन्द्रिय कार्यालयबाट हुने कारबाही नगरी आफ्नो जिम्मेवारी पन्छाई अख्तियारको दुरूपयोग गरे भन्ने सम्बन्धमा ।

३२. २०४७।७।१४ जिल्ला पञ्चायत सचिवालय दोलखाका सभापति रामप्रसाद उप्रेती, स्थानीय विकास अधिकारी भरतमणि रिसाल समेतले उक्त सचिवालयको विभिन्न शीर्षकको बजेट भ्रष्टाचार गरी खाई मासी अख्तियारको दुरुपयोग गरे भन्ने समेत सम्बन्धमा ।

३३. २०४७।७।१५ बझाङ्ग जिल्ला पञ्चायतबाट सञ्चालन गर्नु पर्ने दुर्गम क्षेत्र विकास समितिको योजना थालनी नै नगरी कागजमा नै शुरु गरी चलानी बील भरपाई बनाई प्राविधिकको झूठो विवरण पेश गराई प्र.जि.अ. समेतले भ्रष्टाचार गरे भन्ने सम्बन्धमा ।

३४. २०४७।७।२१ रा.बा. बैङ्क काठमाडौं शाखाबाट वितरण गरेको ६० करोडभन्दा बढी ऋण असूल गर्न कारबाही चलाउनुको बदलामा रा.बा. बैङ्कका महाप्रबन्धक लक्ष्मण बहादुर हमालले आफुमुनिका कर्मचारीहरूलाई दबाव दिई क्षेत्रीय कार्यालयको निरीक्षणको अधिकार खोसेर बाँकी घोटाला बारे छानबिन गर्न रोक्नु भई अख्तियारको दुरुपयोग गरे भन्ने सम्बन्धमा ।

अ. दु. नि. नियमावली, २०३४ अनुसार उक्त अख्तियार दुरुपयोग निवारण आयोगबाट छानबिनको लागि आयुक्तहरूलाई छानबिन अधिकृत तोकिएकोमा छानबिनको काम नटुङ्गी बाँकी रहेको उजूरी निवेदनहरू

सि.नं.	छानबिन तोकिएको मिति	विषय
१.	२०४६।१२।२	इलाम फिदिम सडक योजनाको विभिन्न निर्माण कामको लागि पूर्व योग्यता छनोट गर्न सूचना प्रकाशित गरी दरखास्त आह्वान गरी पहिले सबै रद्द गरी पछि तिनै दरखास्तलाई पुन नम्बरिङ्ग गरी योजना प्रमुख समेतले अख्तियार दुरुपयोग गरी ५०।६० लाखको भ्रष्टाचार गरे भन्ने सम्बन्धी ।
२.	२०४७।२।३	वन पैदावार विकास समिति अन्तर्गतको खोटो व्यवस्थापन आयोजना कैलालीको लागि मित्र राष्ट्र सोभियत सङ्घबाट सहयोग स्वरूप प्राप्त निर्माण सामाग्रीहरू कलकत्ता पोर्टदेखि आयोजना स्थलसम्म ढुवानी गर्दा ठेकेदारसंग मिलोमत्तो गरी अनियमित तरिकाले सम्झौतामा उल्लेख भएको भन्दा बढी पेस्कीमाथि पेस्की दिई अख्तियारको दुरुपयोग गरे भन्ने सम्बन्धी ।
३.	२०४७।२।३	वन विकास परियोजना नेपालगञ्जका प्रोजेक्ट मैनेजरले नेपालगञ्जमा दाउरा चट्टा बिक्री वितरण गर्दा धाँधली र भ्रष्टाचार गरे भन्ने सम्बन्धी ।
४.	२०४७।२।३	सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत निर्माण भएका र हुँदै गरेका जिल्ला अस्पताल भवनहरू त्रुटिपूर्ण बनाई भ्रष्टाचार गरे भन्ने सम्बन्धी ।
५.	२०४७।२।२५	मालपोत कार्यालय मकवानपुरका कार्यालय प्रमुख र कर्मचारीहरू समेत मिली पारित हुन आएको लिखतहरूको राजश्व समेत आम्दानी नबाँधी हिनामिना गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धी ।
६.	२०४७।३।१६	रा.वा. बैङ्क काठमाडौं शाखाका प्रवन्धक बुद्धिसागर उपाध्याय समेतले विदेशी मुद्रा कमाउने उद्देश्यले एच.एम. गार्मेन्ट, फेशन गार्मेन्ट र बङ्गला गार्मेन्ट दर्ता गराउनुको अतिरिक्त बैङ्कमा व्यापारीहरूको नेगोशिएशन गर्दा १.५ देखि ३ प्रतिशतसम्म कमिशन असूल गर्ने गरेको, अरू गार्मेन्टबाट १ प्रतिशत रकम कट्टा गरी आफ्नो एच. एम. गार्मेन्टको खातामा जम्मा गराएको र कर्जा प्रवाह गर्दा धितो नै नभएकोलाई पनि कर्जा प्रवाह गरी करोडौं रुपैयाँ आर्जन गरे भन्ने सम्बन्धी ।
७.	२०४७।३।२०	रसुवा जिल्लामा हेलिप्याड निर्माण गर्ने गराउने काममा तत्कालीन का.मु. स्थानीय विकास अधिकारी शिवप्रसाद श्रेष्ठ समेतले अनियमित कार्य गरे भन्ने सम्बन्धी ।
८.	२०४७।३।२०	नेपाल पुनर्वास कम्पनीको भूतपूर्व महाप्रबन्धक इन्द्रप्रसाद काफ्लेले कैलाली योजना क्षेत्रमा विश्व खाद्य कार्यक्रमको सहयोगबाट प्राप्त रकमबाट करीब ३ लाख खर्च गरी जनतालाई अपायक पर्ने जङ्गल रहेको ठाउँमा भवन बनाई आफ्नो मानिस ओभरसियर राखी आधी भन्दा बढी रकम भ्रष्टाचार गरेको भन्ने सम्बन्धी ।
९.	२०४७।३।२५	दाङ्ग घोराही खाद्य संस्थान शाखा कार्यालयबाट रूकुम मुसिकोट शोभा गाउँ डिपोसम्म सामान ढुवानी गर्ने ठेक्काको लागि रूकुम मुसिकोट जिल्ला खाद्य आपूर्ति समितिबाट टेण्डर माग गरेकोमा सबैभन्दा घटी क्विन्टल एकको रु. ९३४।– मा ढुवानी गर्न लहरबहादुरले टेण्डर गरेको धरौटी समेत राखेकोमा टेण्डरमा रकम बढी भयो भनी पछि अर्को सूचना निकाली बढी दरमा अरू ठेकेदारबाट ढुवानी गराई अनियमित गरे भन्ने सम्बन्धी ।

१०. २०४७।४।२४ भू.पू. राज्यमन्त्री निरञ्जन थापाले आर्थिक अनियमित गरे भन्ने सम्बन्धी ।

११. २०४७।५।८ जग्गा र टहरा बाहालमा लिने र जग्गाधनीले चाहेको बखत छाडी दिने समेत कबुलियत गरी दिएकोमा सो जग्ग-घर कुनै किसिमले मेरो भन्न नपाउनेमा का.न.पा.का का.मु.प्र पं. शारदा प्रसाद समेतको मिलोमतोबाट बहालमा लिने गणेशबहादुरले प्रकाशबहादुरको जग्गा जालसाज गरी जग्गा नछोडेको भन्ने सम्बन्धी ।

१२. २०४७।७।१७ श्री ५ को सरकारको स्वीकृति विना भि.डि.ओ.प्रदर्शनगर्न नपाउने ऐन नियम छँदाछदै जिल्ला प्रशासन कार्यालय सुर्खेतका तत्कालीन प्र.जि.अ. शम्भुशम्सेर ज.व.रा.ले वीरेन्द्रनगरमा ठेकबहादुर कार्की समेतलाई सार्वजनिक रूपमा भि.डि.ओ. प्रदर्शन गर्न दिई वार्षिक ६ लाख सलामी लिई भ्रष्टाचार गरे भन्ने सम्बन्धी ।

बजेट रकम:

यस आयोगको लागि रकम निकासाको सम्बन्धमा सार्विकको अख्तियार दुरुपयोग निवारण आयोगको नाममा व्यवस्था भएको आ.व. २०४७।४८ को विनियोजित बजेटको अनुदान संख्या १–८ अख्तियार दुरुपयोग निवारण आयोग शीर्षक अन्तर्गत रु. २०,६७,०००।– विनियोजन भएको व्यहोराको पत्र अर्थ मन्त्रालयबाट २०४७।११।१४ मा प्राप्त भएको र नपुग भएको शीर्षकमा पछि थप निकासा गराइएको समेतमा खर्च भएको र बाँकी रहेको रकम निम्न बमोजिम छः–

श्रोत	निकासा रकम	खर्च	बाँकी
विनियोजनमध्ये चौमासिक निकासा –	२०,३६,०००।–	१९,१६,१३०।७६	१,१९,८६९।२४
थप निकासा –	४,७१,७५३।१६	४,४९,०७२।२८	२२,६८०।८८